REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 29.07.2024

## Governor- Farewell

सिक्किमका राज्यपालका रूपमा आफ्नो कार्यकालको अन्तिम दिन आज, राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यलाई धेरै गणमान्य व्यक्तिहरूले न्यानो बिदाई टक्राउनुभयो। सिक्किम उच्च न्यायालयका मुख्य न्यायाधीश विश्वनाथ सोमद्दरले हार्दिक शुभकामना दिनुभयो अनि जनस्वास्थ्य प्रकोष्ठ तथा जलस्रोत एवं धर्म विभागका मन्त्रीले पनि सिक्किम सरकारको तर्फबाट श्री आचार्यलाई बधाई टक्राउनुभयो। त्यसबाहेक, गान्तोकका विधायक श्री देले नामग्याल बरफुङ्पाले उहाँलाई हार्दिक शुभकामना दिनुभयो। राज्यपाल आचार्यले आफ्नो कार्यकालमा पुऱ्याएको योगदानप्रति यसरी आज दिनभरि सम्मान र प्रशंसाको ओइरो लागेको थियो। राज्यपाल श्री आचार्यले आफ्नो विदाई सम्बोधनमा भन्नुभयो, म अभिभूत छु, म निशब्द भएको छु! सिक्किममा मेरो कार्यकाल अवधि प्यारा सिक्किमे जनताले दिएको माया, स्नेह, आतिथ्य र सहयोग मेरो जीवनको अमूल्य सम्पत्ति बन्नेछ र यस अद्‍भुत सुरम्य राज्यमा बिताएका हर पल अमूल्य रहनेछ। सिक्किम राज्य नयाँ प्रगति र समृद्धिको दिशामा अघि बढोस् भन्ने कामना गर्दछु। पुन: एकपटक हृदयदेखि नै कृतज्ञता व्यक्त गर्दै सबैको उज्ज्वल भविष्य र उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

## CM-Sikkimese Patients

मुख्यमन्त्री श्री प्रेम सिंह तामाङले आज आफ्नो आधिकारिक फेसबुक पृष्ठमा देशभरि चिकित्सा उपचार गराइरहेका सिक्कीमी बिरामीहरूलाई सहयोग गर्न सरकार प्रतिबद्ध रहने घोषणा गर्नुभएको छ। यस प्रतिबद्धता अनुरूप, मुख्यमन्त्रीले नयाँ दिल्लीको पुरानो सिक्किम हाउसको भ्रमण गरी, ग्रेड C र D का सरकारी कर्मचारीहरू लगायत उपचाराधिन धेरै बिरामीसँग भलाकुसारी गर्नुभयो। भ्रमणका क्रममा मुख्यमन्त्रीले उनीहरूको गुनासो सुन्नुभयो र आवश्यक परेमा राज्य सरकारबाट थप सहयोग दिइने आश्वासन दिनुभयो। उहाँले उपचाराधिन बिरामीहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्नुभयो।

## CM calls on Sikkim’s newly appointed Governor

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले हिजो नयाँ दिल्लीमा सिक्किमका नवनियुक्त राज्यपाल श्री ओम प्रकाश माथुरसँग उहाँको निवासस्थनमा भेट गर्नुभयो। मुख्यमन्त्रीले सिक्किमे जनता र राज्य सरकारको तर्फबाट नवनियुक्त राज्यपाललाई बधाई दिंदै, न्यानो स्वागत

जनाउनुभयो। भेटघाटका क्रममा सिक्किमको पर्यटन, कृषि र अन्य विभिन्न क्षेत्रसँग सम्बन्धित धेरै विषयमा छलफल भएको छ। राज्यपालले राज्यलाई मार्गदर्शन र आवश्यक सहयोग प्रदान गर्नमा आफ्नो सहयोग र प्रतिबद्धता रहने आश्वासन दिनुभएको छ। राज्य र जनताको समृद्धि सुनिश्चित गर्न सिक्किमको पर्यटन र सम्बद्ध क्षेत्रहरूलाई अगाडि बढाउने साझा दृष्टिकोणलाई प्रकाश पारिएको बैठक फलदायी र आश्वासनदायी रहेको, मुख्यमन्त्रीले बताउनुभएको छ।

## Food Safety & Standards

स्वास्थ्य तथा परिवार कल्याण विभागको खाद्य सुरक्षा र मानक प्रकोष्ठले राज्यभर खाद्य सुरक्षा नियमहरू सक्रिय रूपमा लागू गरिरहेको छ। हालै, प्रकोष्ठले गान्तोकको युनिक स्वीट्स पसलका मालिकविरुद्ध मुद्दा दायर गरेको छ। निर्णायक अधिकारी अदालतले गत 26 जुलाईको दिन 4 लाख रूपियाँ जरिमाना लगाएको छ। यो जरिमाना खाद्य सुरक्षा तथा मानक ऐन, 2006 को धारा 50 र 56 अन्तर्गत तोकिएको हो। स्वास्थ्य तथा परिवार कल्याण विभाग खाद्य सुरक्षा मापदण्डहरू कायम राख्न समर्पित छ र यसले अनुपालन अनि सार्वजनिक स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न प्रयास जारी राख्नेछ।

## Pakyong-Zilla Adhakshya Chairs Meeting

पाकिमका जिल्ला अध्यक्ष श्रीमती लादेन लामु भोटियाले आज ग्रामीण विकास विभाग सामुदायिक भवन, पाकिममा जिल्ला पञ्चायतहरूसँगको आन्तरिक समन्वय बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा विकास निर्माणका परियोजना र क्षेत्रीय समस्याहरूलाई हल गर्ने र जिल्लाहरूद्वारा प्रस्तुत योजनाहरूको समीक्षा गरियो। बैठकका क्रममा कृषि विकास, स्वास्थ्य समस्या, गैरकानुनी गतिविधि समाधान गर्ने उपायलगायतका विविध विषयमा छलफल भएको छ।

## WCDD millet cookies

गान्तोक जिल्ला अन्तर्गत किशोरीहरूका लागि कोदोको कुकीजको शुभारम्भ कार्यक्रम आज लोअर चानमारीको आँगनवाडी केन्द्रमा आयोजना गरियो। महिला तथा बाल विकास विभागले किशोरीहरूका लागि यो योजना गान्तोक ग्रामीण तथा शहरी परियोजना अन्तर्गत सञ्चालन गरेको थियो। स्मरण रहोस्, किशोरीहरूप्रति समर्पित यो योजना सन् 2010 मा 11 देखि14 वर्षका किशोरीहरूलाई पोषण उपलब्ध गराउने र लैङ्गिक असमानताको जीवन चक्र तोड्ने अनि देशमा उनीहरूको आत्मविश्वास बढाउने विशेष पहलका रूपमा अघि सारिएको थियो।